मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना सन्देश

**विश्व सिमसार दिवस-२०७७** को उपलक्ष्यमा सम्पूर्ण प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यो वर्षको विश्व सिमसार दिवसको नारा **पानी, सिमसार र जीवन** अर्थात **Water, Wetlands and Life** र यो नारा हामी गण्डकी प्रदेशवासीका लागि अति नै उपयुक्त रहेको मैले महसुस गरेको छु । पानी हाम्रो जीवन भएको हुनाले म सबै प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइलाई पानी र सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र बुद्धिमतापूर्वक उपयोगका लागि हार्दिक अपिल पनि गर्दछु ।

सिमसार क्षेत्र जैविक विविधताले सम्पन्न हुन्छन् र यिनले पानीमा रहेका प्रदूषण र फोहोर मेलालाई छाँदेर पृथ्वीको सतहलाई स्वच्छ र स्वस्थ राख्दछन् । जसरी मानिसको शरीरका विकास मिर्गौलाले छान्दछ, त्यसरी नै तालतलैयाहरुका लागि मिर्गौलाको काम सिमसार क्षेत्रले गरिरहेको हुन्छ । स्वच्छ र स्वस्थ सिमसार क्षेत्रले प्रकृति र संस्कृतिलाई पनि बँचाएर राखेका हुन्छन् । स्वच्छ पानी र स्वस्थ जीवनका बीचमा यति नजिकको सम्बन्ध छ कि दुवैलाई आपसमा छुट्टाउन नै सकिँदैन ।

सिमसार क्षेत्र स्वस्थ पारिस्थिकीय प्रणालीका सूचक पनि हो । मौसमलाई सफा राख्न र पानीको चक्रलाई नियमित राख्न सिमसार क्षेत्रको ठूलो भूमिका रहेको हुन्छ । त्यति मात्र नभएर सिमसार क्षेत्रले मानिसका लागि चाहिने खानेकुरा, लगाउने कुरा र पिउने कुरा पनि निरन्तर रुपमा आपूर्ति गर्ने गर्छन् । वैज्ञानिकका अनुसार पृथ्वीको सतहमा भएका ४० प्रतिसतभन्दा बढी प्रजाति सिमसार क्षेत्रमा बस्छन्, प्रजनन गर्छन् र त्यहीँ जीवन गुजार्छन् । सिमसार क्षेत्रले बाढी-पहिरो र डुवानबाट मानिसको जीवनको रक्षा गर्छन् र थुप्रै वन्यजन्तु र वनस्पतिलाई लोप हुनबाट जोगाएका पनि हुन्छन् । सिमसार क्षेत्रले जलवायु नियमन र कार्बन सञ्चिति गर्नसमेत ठूलो योगदान पुराउने गर्छन् । तर जानेर वा नजानेर हाम्रा गतिविधिले गर्दा हाम्रा सिमसार क्षेत्रहरु लोपोन्मुख अवस्थामा पुगेका छन् ।

एकातिर द्रुतगतिमा भएको भौतिक विकासले गर्दा कार्बन उत्सर्जन भई पृथ्वीको सतहको तामक्रम बढ्नाले सिमसार क्षेत्रहरु मुख्य गरी कुवा, पधेरो, पोखरी सुक्न पुगेका छन् भने अर्कोतिर जथाभावी मोटरबाटो खन्दा र विना योजनाका विकास निर्माण कार्यले आज हामी बाढी पहिरोको चपेटामा पनि परेका छौं ।

गएको बर्खा याममा बाढी पहिरोले गर्दा हामीले हाम्रो प्रदेशमा मात्र १२७ जना प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइले अकालमा ज्यान गुमाउनु पर्‍यो । यो सम्झेर म अहिले पनि भावुक

मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

हुन्छु । अहिले पनि मलाई चिन्ता लाग्छ, एक जना महिलालाई पहाडमा एक गाग्री पानी लिन ५ घण्टा लगाएर ५ किमि टाढा जानुपर्छ भने त्यस्तो महिला दिदीबहिनीलाई कसरी पानीको सेवा दिने होला भनेर ।

यसै तथ्यलाई ध्यानमा राखेर गण्डकी प्रदेश सरकारले दुई वर्ष भित्र सबै प्रदेशवासीका घरदैलोमा न्युनतम एउटा खानेपानीको धारा पुराउने लक्ष्यका साथ काम गरिरहेको छ । तर यहाँ सम्झनु पर्ने तथ्य के छ भने, पानीको स्रोत नै भएन भने धारा मात्र लगेर के गर्ने ? जवकी पानीका स्रोतहरु धमाधम सुक्दैछन् । हामीलाई पानीका स्रोत त खानेपानीका अतिरिक्त सिँचाइ, यातायात र विद्युतका लागि पनि आवश्यकता पर्छ । गण्डकी प्रदेशमा भएका तालहरुको संरक्षण गर्ने, विकास गर्ने र त्यहाबाट उत्पादन हुने वातावरणीय सेवा र वस्तुको सतत उपयोग गर्ने उद्देश्यले हामीले गण्डकी ताल संरक्षण तथा विकास प्राधिकरण समेत गठन गरी काम पनि शुरु गरिसकेको अवस्था छ । अन्तर्राष्ट्रिय महत्त्व भएका पोखरा उपत्यकाका ९ वटा ताललाई रामसार सूचीमा सूचीकृत गर्न सक्नु हामी प्रदेशवासीका लागि खुसीको खबर हो । अन्तर्राष्ट्रिय स्तरमा फैलिएको हाम्रो साखलाई हामीले नै बचाउने हो । बाहिरको मानिस आएर हाम्रा ताल संरक्षण गरीदेला भन्ने कसैले सोचेको छ भने, त्यो भ्रम हो । दिवा सपना हो । फेवातालको ४ किल्ला निर्धारण गर्न, सीमांकन र नक्सांकन गर्न एउटा समिति बनाएर हामीले कामको थालनी गरिसकेका छौं । ताल संरक्षण गर्न सरकारको एक्लो प्रयासले मात्र पुग्दैन । यसका लागि निजी क्षेत्र मुख्य गरी पर्यटन व्यवसायी, नागरिको समाज र मिडियाको पनि ठूलो भूमिका हुन्छ ।

फेवाताल लगायत ताल हाम्रा साझा सम्पत्ती हुन् । यी हाम्रा मात्र सम्पत्ती होइनन् भावीपुस्ताका पनि सम्पति हुन् । तसर्थ, हामी बाँच्नका लागि पनि सिमसार क्षेत्र बचाउनुपर्ने हुन्छ । यसका लागि यस दिवसको अवसरमा पुनः एकपटक सम्पूर्ण प्रदेशवासीमा हार्दिक अनुरोध गर्दछु ।

मितिः २०७७ माघ २० गते

पृथ्वी सुव्वा गुरुङ
मुख्यमन्त्री